# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. चिरंजीबि नेपाल पेरु प्रस्थान

गभर्नर डा. चिरंजीबि नेपाल अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) तथा विश्व बैंक (WB) को संयुक्त आयोजनामा पेरुको लिमामा असोज २१ देखि २४ सम्म आयोजना हुने “2015 Annual Meetings of the World Bank Group and the International Monetary Fund” मा सहभागी हुन असोज १९ गते मंगलबार साँझ त्यसतर्फ प्रस्थान गर्नुभयो ।

आ-आफ्नो संस्थाहरुका नीति तथा कार्यक्रमका बारेमा छलफल गर्न IMF Board of Governors तथा World Bank Board of Governors सामान्यतया बर्षमा एक पटक बैठक गर्ने परम्परा अनुसार यो कार्यक्रम आयोजना हुन लागेको हो । उक्त कार्यक्रममा १८८ सदस्य राष्ट्रका अर्थ मन्त्रालय, केन्द्रीय बैंक, प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहने छ । कार्यक्रममा सदस्य राष्ट्रका प्रतिनिधिहरुले विश्व अर्थ व्यवस्था, अन्तर्राष्ट्रिय विकास तथा क्षेत्रीय सहकार्य लगायतका आर्थिक विषयहरुमा छलफल गर्नेछन् ।

गभर्नर डा. नेपाल Annual Meeting का साथै उक्त Meeting को Sideline मा आयोजना हुने ३१ औं SAARCFINANCE Group Meeting मा समेत सहभागी हुनुहुनेछ । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) का सदस्य मुलुकहरुका गभर्नर र अर्थसचिव सदस्य रहने SAARCFINANCE को बैठकमा सदस्य मुलुकहरुको आपसी हितका बारेमा छलफल हुनेछ । पेरुमा रहँदा उहाँ विभिन्न सामूहिक छलफलका साथै द्विपक्षीय भेटवार्ताहरुमा समेत सहभागी हुने कार्यक्रम रहेको छ ।

उक्त कार्यक्रममा भाग लिन गभर्नर डा. नेपालका साथ अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा तथा गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डित समेत त्यसतर्फ प्रस्थान गर्नुभएको छ ।

२०७२ असोज २०, बुधबार

गभर्नरको कार्यालय